# रम्भा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १ संख्याः २ मिति २०७५।०४।०२**

**भाग–१**

**रम्भा गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. १

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छिनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रम्भा गाउँपालिकाको गाउँ सभाले यो एन तर्जुमा गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल साउन १ गते देखि रम्भा गाउँपालिका

भित्र लागु हुने छ।

२. एकिकृत सम्पत्ति कर र घर जग्गा कर : गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाइने र अशुल उपर गरिनेछ। एकिकृत सम्पत्ति कर हाललाई लगाइने छैन।

३. भूमी कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्रको जग्गाको उपयोगको आधारमा अनुसूची (२) बमोजिम भूमीकर (मालपोत) लगाइने छ। जग्गा रजिष्ट्रेसन वापतको दस्तुर प्रदेश कानून बमोजिम लगाइनेछ र प्रदेश कानून बमोजिम बाँडफाँड भए अनुसार प्राप्त हुनेछ।

४. घर जग्गा बहाल कर : गाउँपालिका क्षेत्रभित्रको जग्गामा कुनै व्यक्ति वा संस्थाले भवन ,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल रकममा घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. जडीबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी , वनकस (खर), कवाडी माल र प्रचलित कानून बमोजिम निषेधीत गरिएका जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला यस्तै प्रकृतीको वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

१०. बहाल विटौरी शुल्क : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार,वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

११. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२. ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा व्यवसाय संचालन गरे वापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने छ ।

१३. सेवा शुल्क, दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसारकर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची–१

## घर जग्गा कर

रम्भा गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पत्ती कर हाललाई लगाइने छैन । वार्षिक घर कर तपसिल बमोजिम लगाइने छ ।

| क.सं. | विवरण | कर, रकम (वार्षिक) रु. | कैफियत |
|---|---|---|---|
| १ | खरको छानाको घर | ५० | १ तलेलाई निःशुल्क |
| २ | टिन/ढुंगा/टायलको घर | १०० | |
| ३ | ढलान/पक्की घर | ५०० | |

यी शिर्षकबाट रु.१० हजार आम्दानी हुने अनुमान गरेको छु ।

३.

## अनुसूची–२

## भूमी कर (मालपोत )

| क्र. सं. | विवरण | वार्षिक रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | अव्वल (५ रोपनी सम्म) | १५.०० | |
| २ | अव्वल (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | |
| ३ | दोयम (५ रोपनी सम्म) | १२.०० | |
| ४ | दोयम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | |
| ५ | सीम (५ रोपनी सम्म) | १०.०० | |
| ६ | सीम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | |
| ७ | चाहार (५ रोपनी सम्म) | ८.०० | |
| ८ | चाहार (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | |
| ९ | विलम्व दस्तुर | ५०% | |

जग्गा रजिष्ट्रेशन वापत जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने रजिष्टेशन दस्तुर अनुमानित ६ लाख तथा आ.व.२०७४/०७५ मा प्राप्त हुन बाँकी ६ लाख गरी जम्मा १२ लाख हुने अनुमान गरेको छु ।

## अनुसूची-३

## घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिए वापत | १०% |
| २ | अन्य प्रयोजनको लागि | |

घर जग्गा बहाल कर वापत वार्षिक ५० हजार उठ्ने अनुमान गरेको छु ।

## अनुसूची-४

## व्यवसाय करको दर बार्षिक

| क्र.सं. | विवरण | करको श्रेणी (क) | करको श्रेणी (ख) |
|---|---|---|---|
| १ | होटल, लज,एवं साधारण होटल | ५०० | ३०० |
| २ | रेष्टुरेण्ट (म : म, तास, सेकुवा आदि) | ३०० | २०० |
| ३ | मिठाई पसल | ३०० | २०० |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | ८०० | ५०० |
| ५ | फेन्सी पसल | ८०० | ५०० |
| ६ | विविध श्रृगार पसल (थोक/खुद्रा) | ५०० | २०० |
| ७ | उनी धागो पसल | २०० | १०० |
| ८ | जुत्ता चप्पल पसल | ३०० | २०० |
| ९ | निर्माण सामाग्री | १००० | ५०० |
| १० | खद्यान्न, किनारा डिलर/खुद्रा | ५०० | ३०० |
| ११ | भाडा र गिफ्ट पसल (थोक/खुद्रा) | ५०० | ३०० |
| १२ | पुस्तक तथा पत्रिका पसल | ५०० | ३०० |
| १३ | छापाखाना | ३०० | २०० |

| | | | |
|---|---|---|---|
| १४ | आर्ट | ५०० | ३०० |
| १५ | फोटो स्टुडियो | ३०० | २०० |
| १६ | रोट पकाउने | ५०० | |
| १७ | पूजा सामाग्री | ३०० | |
| १८ | रोट पकाउने तथा पूजा सामाग्री संयुक्त | ७०० | |
| १९ | केवुल नेटवर्क | २०० | |
| २० | टि.भी., घडी, रेडियो, मोवाई विक्री/मर्मत | ३०० | |
| २१ | पङ्खा तथा स्टोभ मर्मत | २०० | |
| २२ | साइकल विक्री तथा मर्मत | २०० | |
| २३ | मोटर साइकल, मोटर पार्टस/वर्कसप | २००० | |
| २४ | ड्राइभिङ्ग इन्ष्टिच्युट | १००० | |
| २५ | टायर मर्मत | ५०० | |
| २६ | ग्रील उद्योग | १५०० | |
| २७ | कवाडी सामानको थोक विक्रेता | | ५०० |
| २८ | टेण्ट हाउस | ५०० | |
| २९ | लाउण्डी पसल | ३०० | |
| ३० | मादल पसल | २०० | |
| ३१ | गोवर ग्याँस निर्माण कम्पनी | १००० | |
| ३२ | पाउ रोटी भण्डार | १००० | |

| | | | |
|---|---|---|---|
| ३३ | वित्तीय संस्था/सहकारी संस्था | वचत तथा ऋण सहकारी ३००० | कृषि तथा दुग्ध सहकारी (गाउँगाउँमा क्रियाशिल विभिन्न आर्थिक कारोवार गर्ने समूहलाई वडा कार्यालय मार्फत गाउँगाउँमा दर्ता गर्न अभिप्रेरित गर्ने गरि दर्ता शुल्क रु.५००) |
| ३४ | कलर ल्यव | ५०० | |
| ३५ | निजी अस्पताल/औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |
| ३६ | पशु औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |
| ३७ | पोलिक्लिनिक (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | २०००० | |
| ३८ | बीज भण्डार | ५०० | |
| ३९ | रंग रोगन तथा इलेक्ट्रिक थोक विक्री | १००० | |

| | | | |
|---|---|---|---|
| ४० | फर्निचर (स्टिल, मेटल) उद्योग विधिवत दर्ता पछि) | १०० | |
| ४१ | फर्निचर (स्टिल, मेटल) पसल | ५०० | |
| ४२ | मिल | २०० | १०० (सिंगल पेज) |
| ४३ | सुन चाँदी पसल | १००० | |
| ४४ | आइसक्रिम उद्योग तथा पसल | २०० | |
| ४५ | कपडा सिलाई (प्रति मिशिन रु.७५) | २०० | |
| ४६ | हेयर कटिङ्ग | २०० | |
| ४७ | ल फर्म, लेखापढी व्यवसाय | ५०० | |
| ४८ | बोर्डिङ्ग स्कुल मा.वि. र आधारभूत विद्यालय | ३००० | २००० |
| ४९ | निर्माण व्यवसाय (घ) वर्ग | १२००० | ६००० |
| ५० | आयल पम्प | २००० | १५०० |
| ५१ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन | ३०० | २०० |
| ५२ | उद्योग (कृषि सम्बन्धी नियमानुसार छुट हुने) | ७०० | ५०० |
| ५३ | सपिङ्ग सेन्टर | १००० | ७०० |
| ५४ | तरकारी पसल (होलसेल पसल ५००) | २०० | १५० |
| ५५ | चश्मा पसल | ५०० | ३०० |
| ५६ | दाँत बनाउने पसल | ५०० | ३०० |
| ५७ | मासु पसल | ५०० | ३०० |

| | | | |
|---|---|---|---|
| ५८ | नर्सरी र फलफुलका विरुवा विक्रि वितरण | ५०० | ३०० |
| ५९ | माटोको भाडा बनाउने | ३०० | २०० |
| ६० | टेक्निकल इन्षिटच्युट | २००० | १५०० |
| ६१ | कन्सल्टेक्सी फर्म (इन्जिनियर र ओ.सी.) | ३००० | |
| ६२ | ज्योतीष | ३०० | २०० |
| ६३ | अडिटर फर्म (क, ख, ग र घ) | १००० | ५०० |
| ६४ | सिलाइ, बुनाइ, पेन्टीङ्ग प्ररिक्षण | ४०० | ३०० |
| ६५ | ल्याव (परिक्षण) | ५०० | ३०० |
| ६६ | पुल बोर्ड | ४०० | ४०० |
| ६७ | बालुवा, ढुँगा, गिटी निकासी | ट्याक्टर ४५० ट्रक टिप्पर १२०० | |
| ६८ | रेमिटेन्स सेवा (राष्ट्र बैंकको प्रक्रिया पुरा भए पछि) | १००० | |
| ६९ | कटिङ्ग ढुँगा | १००० | ६०० |
| ७० | खरि ढुंगा खानी | २००० | |
| ७१ | क्रसर उद्योग | २०००० | १०००० |
| ७२ | व्लक उद्योग | २००० | १००० |
| ७३ | फलफुल पसल | ३०० | |
| ७४ | ग्याँस (नियमानुसार अनुमति) | ५०० | |

| | | | |
|---|---|---|---|
| ७५ | कुखुरा फर्म, बंगुर फर्म लगायत कृषि फर्म दर्ता<br><br>क) (१-५००) संख्या सम्म<br><br>ख) (५०१-१०००) संख्या सम्म<br><br>ग) (१००१ भन्दा बढी | <br><br>निशुल्क<br><br>५००<br><br>१००० | |
| ७६ | बंगुर फर्म दर्ता | ५०० | |

व्यवसायको किसिम :

१. ख वर्गको व्यवसाय : रु.२० लाख सम्म

२. क वर्गको व्यवसाय : २० लाख रुपैंया भन्दा बढी

व्यवसाय कर संकलन कार्यविधि तयार गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

सम्पूर्ण खालका व्यवसायहरुको नविकरण शुल्क ५०% हुनेछ। नविकरणबाट वार्षिक रु.२ लाख उठ्ने अनुमान गरेको छु ।

## अनुसुची-५

## कवाडी कर

कवाडी कर वापत वार्षिक रु.१० हजार  उठ्ने अनुमान गरेको छु ।

## अनुसुची-६

## वार्षिक सवारी साधन कर (गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने व्यक्तिको हकमा)

| क्र.सं. | विवरण | कर, दस्तुर, शुल्क |
|---|---|---|
| १ | बस, ट्रक, लहरी | ६००.०० |
| २ | मिनि बस, ट्रक (६ पांग्रे) | ५००.०० |
| ३ | मिनी बस, ट्रक (चार पांग्रे) | ४००.०० |
| ४ | भाडा कार जिप | २५०.०० |
| ५ | निजी कर, भ्यान, जिप, पिकअप | २५०.०० |
| ६ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | ५००.०० |
| ७ | ट्याक्टर सानो ४० हर्ष पावर भन्दा सानो | २५०.०० |
| ८ | स्कुटर , मोटरसाईकल | १००.०० |
| ९ | ठेला तथा रिक्सा | ५०.०० |
| १० | सफा टेम्पो | ५०.०० |
| ११ | पावर टेलर | २००.०० |
| १२ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | ३०००.०० |

यि शीर्षकहरुबाट वार्षिक १० हजार राजस्व उठ्ने अनुमान गरेको छु।

## अनुसुची-७

**विज्ञापन कर (आयमुलक कार्य)**

| क.सं. | विवरण | क्रियाकलाप | कर, दस्तुर, शुल्क |
|---|---|---|---|
| १ | विज्ञापन दर | साईनवोर्ड, ग्लोवोर्ड,स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | ८००.०० |
| | | साईनवोर्ड, ग्लोवोर्ड,स्टल आदिमा २५ वर्गफुट भन्दा सानो | ५००.०० |
| | | तुल, व्यानर एक हप्ताको लागि | ५०.०० |
| | | तुल, व्यानर एक हप्ता भन्दा बढी | १००.०० |

यी शीर्षकहरुबाट वार्षिक १५ हजार राजश्व उठ्ने अनुमान गरेको छु।

## अनुसुची-८

**मनोरञ्जन कर**

| क.स | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | जादु सर्कस प्रतिपटक | २०० | |
| २ | नाटक प्रतिपटक | २०० | |
| ३ | दोहोरी साँझ बार्षिक | १०००० | |
| ४ | मेला महोत्सव | २००० | |

## अनुसुची-९

**वहाल विरौटी कर**

१. घुमफिर गरी बेच विखन गर्नेलाई प्रति महिना :- २००.००

यस शीर्षकबाट वार्षिक ३० हजार राजश्व उठ्ने अनुमान गरेको छु।

## अनुसुची–१०

**पार्किङ्ग शुल्क**

| | |
|---|---|
| सवारी पार्किङ्ग शुल्क (रम्भा देवी मन्दिर परिसर क्षेत्रमा) | मोटरसाईकल रु.१०<br>कार, जिप, भ्यान रु.३०<br>बस, ट्रक रु.८०<br>ट्याक्टर रु.४० |

उक्त पार्किङ्ग स्थल प्रयोग, उपयोग र व्यवस्थापन गर्ने र प्रतिफलको हिस्सेदारी यस अघि जग्गाधनीसँग भएको सम्झौता अनुरुप गाउँपालिकाले गरेको निर्णय अनुरुप हुनेछ । अनुमानित आम्दानी वार्षिक रु.५०००.०० उठ्ने अनुमान गरेको छु ।

## अनुसूची–११

**ट्रेकिङ्ग शुल्क, कायोकिङ, क्यानोइङ्ग**

यस सम्बन्धी कर प्रचलित नियमानुसार असुल गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

## अनुसूची–१२

**१ सेवा शुल्क, दस्तुर**

| क्र.स. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अङग्रेजी | ५०० |
| | | नेपाली | २५० |

| | | | |
|---|---|---|---|
| २ | राहदानी सिफारिस | | २०० |
| ३ | जग्गा प्रशासन :<br><br>क) नामसारी | नामसारी | ३०० |
| | | नामसारी मुचुल्का | ३०० |
| | जग्गा प्रशासन :<br><br>ख) घरबाटो सिफारिस (प्रति कित्ता) थप कित्ताको लागि पक्की सडकमा पर्ने रु.५० प्रति कित्ता र कच्ची सडक रु.२५ प्रति कित्ता थप दस्तुर लाग्ने छ । | साधारण : ३००।०० | |
| | | कालोपत्रे सडकले छोएका जग्गाहरु अन्य पक्की मार्ग | ३०० |
| | | वाटो नभएको | ५० |
| ४ | पति पत्नीको सम्बन्ध विच्छेदको सिफारिस | | ५०० |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | ५०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १०० |
| ७ | भारतीय पेन्सन पारिवारिक विवरण रअन्य सिफारिस | | ५०० |

| | | | |
|---|---|---|---|
| ८ | भारतीय पेन्सन सिफारिस लागि | | ५०० |
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण | | ३०० |
| १० | वृटिश पेन्सन पारिवारिक विवरण सिफारिस | | १००० |
| ११ | संघ संथा, विद्यालय | दर्ता सम्बन्धी सिफारिस | ५०० |
| | | नविकरण सम्बन्धी सिफारिस | २०० |
| | | फर्म दर्ता सिफारिस | ५०० |
| | | फर्म दर्ता | ५०० |
| | | बाल विकास केन्द्र सञ्चालन | २०० |
| | | आधारभूत १ देखि ५ | ३०० |
| | | मा.वि. | १००० |
| | | स्नातक वा सो भन्दा बढी | २००० |

| | | | |
|---|---|---|---|
| | | प्राविधिक शिक्षाको सिफारिस | २००० |
| | | निजी :<br><br>बाल विकास केन्द्र सञ्चालन | ५०० |
| | | आधारभूत विद्यालय | १००० |
| | | मा.वि. | १५०० |
| | | स्नातक वा सो भन्दा बढी | २५०० |
| | | शिक्षक विज्ञापन अनुमति | ५०० |
| | | अभिलेखिकरण | २००० |
| | | अनुमति | १००० |
| | | शिक्षक समर्थन पत्र | २००० |
| १२ | काठ दाउराको सिफारिस | प्रतिगाडी (६ चक्के) | १००० |
| | | प्रतिगाडी (१० देखि १२चक्के) | १५०० |
| | | ट्याकटर | ३०० |

| | | | |
|---|---|---|---|
| १३ | अङ्ग्रेजी रुपान्तर | जन्म दर्ता ठेगाना परिवर्तन वाहेक | ५०० |
| १४ | वंशजको नागरिकता र प्रतिलिपी सम्बन्धी सिफारिस | | १५० |
| १५ | नावालक परिचय पत्र (सिफारिस) | | १५० |
| १६ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | १५० |
| १७ | नाम छुटेको सिफारिस | | १५० |
| १८ | व्यक्तिगत घटना ३५ दिन पछि<br><br>घट्ना दर्ताको प्रतिलिपी | | १५०<br><br>३०० |
| १९ | सर्जिमिन मुचुल्का नागरिकता | | २०० |
| २० | क) चारकिल्ला बाटोमा नपर्ने (१ कित्ता) | साधारण बाटोमा नपर्ने | ३०० |
| | ख) चारकिल्ला प्रमाणित बाटोमा पर्ने | कच्चि सडकले छोएका जग्गाहरु | ४०० |
| | | पक्की बाटोले छोएका जग्गाहरु | ५०० |
| २१ | | साधारण र पक्की घरसहित जग्गाको ४ किल्ला | २०० |

| | | | |
|---|---|---|---|
| २२ | सनाखतको सिफारिस | | २०० |
| २३ | जन्म, मृत्यु सम्बन्धी सिफारिस | अङ्ग्रेजी | २०० |
| | | नेपाली | १०० |
| | | प्रमाणित शुल्क | १०० |
| २४ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| २५ | नाम, थर, जन्म, मिति संशोधन सिफारिस | | २०० |
| २६ | सर्जमिन शुल्क | | ३०० |
| २७ | अमिन शुल्क | १ कित्ता (जोडिएको प्रति कित्ता थप रु.२००) | १५०० |
| २८ | अविवाहित /विवाहित प्रमाणित | अङ्ग्रेजी | ५०० |
| | | नेपाली | ३०० |
| २९ | | वसाइसराइ | ३०० |
| ३० | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ४०० |

| | | | |
|---|---|---|---|
| ३१ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | ३०० |
| ३२ | | चारित्रिक सिफारिस विद्यार्थीका लागि ५०% छुट | १५० |
| ३३ | | जनजाती र दलित प्रमाणित | १५० |
| ३४ | विद्युत जडान सम्बन्धी सिफारिस स्तर अनुसार | १) सामान्य कच्ची घर पक्की घर | १५०<br>३०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ३५ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | १५० |
| ३६ | निजी धारा धारा जडान सम्बन्धी सिफारिस | | १५० |
| ३७ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आर.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | ३००<br>१५० |

| | | | |
|---|---|---|---|
| ३८ | उद्योग स्थापना सिफारिस | ठूलो उद्योग | २००० |
| | | मझौला उद्योग | १००० |
| | | सानो उद्योग | ५०० |
| ३९ | छात्रवृत्ती सम्बन्धी सिफारिस | | निशुल्क |
| ४० | स्थायी बसोवास सिफारिस | | १५० |
| ४१ | न्यायिक कार्यका लागि निवेदन | | २०० |
| ४२ | नक्कल (न्यायिक निर्णयको हकमा) | | प्रतिपाना रु.१० |
| ४३ | लाहुरे चाल चलन प्रमाणित | | १००० |
| ४४ | लाहुरे अविवाहित प्रमाणित | | १००० |
| ४५ | लाहुरे मुचुल्का | | १००० |

२. अन्य सिफारिस, दस्तुर

| क.स. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | निवेदन फाराम तथा अनुसूची फाराम (प्रतिपाना) | | १० |
| २ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| | अन्य मुचुल्का | | ३०० |
| ३ | निवेदन दस्तुर | | १५० |
| ४ | भवन निर्माण दरखास्त फाराम | | कच्ची १००, पक्की ५०० (भूकम्प पिडित-लाई निःशुल्क) |

| | | | |
|---|---|---|---|
| ५ | परिक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | नियमानुसार | ५०० |
| ६ | कोटेशन फाराम शुल्क | आर्थिक नियमानुसार | १००० |
| ७ | टेण्डर फाराम शुल्क | आर्थिक नियमानुसार | ३००० |
| ८ | निवेदन नक्कल प्रति पाना | आफैले सार्दा | १० |
| | | कार्यालयले सार्दा | २० |
| ९ | घर पालुवा कुकुर | दर्ता र नविकरण | १०० |
| १० | भरुवा बन्दुक नविकरण दस्तुर | जिल्ला भर | ४०० |
| | | नेपाल भर | ५०० |
| १२ | मिलापत्र दस्तुर प्रति पक्ष | | १०० |
| १३ | खयर | प्रति रुख | १०० |
| १४ | साल | ,, | ७५ |
| १५ | कुकाठ | ,, | ५० |

नोट : दीन दुःखीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षको तोक अनुसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ ।

यि सबै शिर्षकबाट समग्रमा ५ लाख वार्षिक राजस्व उठ्ने अनुमान गरेको छु ।

३. <u>हैसियत प्रमाणित</u>

| क्र.स. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मुल्याकाङ्क | रु.१० लाख सम्म | १,००० |
| | | रु.२० लाख सम्म | १५०० |
| | | रु.३० लाख सम्म | २००० |
| | | रु.४० लाख सम्म | २५०० |
| | | रु.५० लाख सम्म | ३००० |
| | | रु.५० लाख भन्दा बढीमा प्रति १० लाख | ५०० थप |
| २ | वार्षिक आम्दानी (ऋण लिन र वैदेशिक रोजगार) | रु.५ लाख सम्म | १००० |
| | | रु.१० लाख सम्म | १५०० |
| | | रु.२० लाख सम्म | २५०० |
| | | रु.३० लाख सम्म | ३५०० |
| | | रु.४० लाख सम्म | ४५०० |
| | | रु.४० लाख भन्दा बढीमा प्रति ५ लाख | ५०० थप |

क. सम्पत्ती मूल्याङ्कन र वार्षिक आम्दानी दुवै गराउनेलाई बढी दस्तुर हुन आउने एक मात्र असुल गर्ने ।

यी सवै शिर्षकहरुबाट वार्षिक रु.१० हजार राजस्व उठ्ने अनुमान गरेको छ ।

ख) गाउँपालिकाले तत्काल धितो मूल्याङ्कन गरेको सिफारिसको पुन : नविकरण गर्न पर्दा जुन प्रयोजनका लागि गरिएको हो सोको लागि लाग्ने दस्तुरको १० प्रतिशत थप राजस्व लिइने छ ।

४. व्यवसाय दर्ता तथा इजाजत दस्तुर

| क्र.स. | विवरण | २०७५/०७६ |
|---|---|---|
| क | व्यवसाय दर्ता तथा इजाजत दस्तुर | |
| | २० लाख सम्म | ५०० |
| | २० लाख देखि ५० लाख सम्म | १००० |
| | ५० लाख भन्दा बढी | १५०० |

| | |
|---|---|
| टावर ( टेलिफोन, मोवाइल) प्रति टावर | १०००० |

यस शिर्षकबाट वार्षिक ५ हजार राजस्व आमदानी हुने अनुमान गरेको छु।

५. संरचना निर्माणघर नक्शा पास दस्तुर

| क्र.स. | भौतिक संरचना निर्माण | करको दर (प्रति वर्ग फिट) ने.रु.मा | | |
|---|---|---|---|---|
| | | नक्शापास क्षेत्र | | |
| | | क | ख | ग |
| १ | आर.सी.सी. फ्रम स्ट्रक्चर | | | |
| क) | पूर्ण भूमिगत तला | २.०० | १.५० | १.०० |
| ख) | अर्ध भूमिगत तला | ४.०० | ३.५० | ३.०० |
| ग) | जमिन तला | ४.०० | ३.५० | १.५० |
| घ) | पहिलो तला | ४.२५ | ३.७५ | १.५० |
| ङ) | दोश्रो तला | ४.५० | ४.०० | १.७५ |
| च) | तेश्रो तला | ४.७५ | ४.२५ | २.०० |
| छ) | चौथो तला | ५.०० | ४.५०० | २.५० |
| ज) | पाँचौ तला वा सो भन्दा माथी | १०.०० | ८.०० | ३.०० |

| | | | | |
|---|---|---|---|---|
| २. | सिमेन्टको जोईमा इटा वा ढुँगाको गारो(न्यूनतम ३३ से.मी. मोटाई) आर.सी.सी.,टायल जस्ता पाता छाना | ३.२५ | २.५० | ०.५० |
| ३. | जोडाईमा इटा वा ढुँगाको गारो(न्यूनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्ता पाता छाना | ३.२५ | २.२५ | ०.३० |
| ४ | माटोको जोडाईमा इटा वा ढँगाको | ३.०० | २.०० | ०.२५ |

## अनुसुची–१३

## पर्यटन शुल्क

| क्र.स. | पर्यटक किसिम | शुल्क अमेरिकी डलरमा | कैफियत |
|---|---|---|---|
| १ | भारत | २ | |
| २ | सार्कभित्र (भारत) | १० | |
| ३ | एशिया भित्रका | १५ | |
| ४ | अन्य मुलुकका | २० | |

जम्मा प्राप्त हुने कर, शुल्क, दस्तुरबाट अनुमानित आम्दानी एकमुष्ट सूची

| क्र.सं. | विवरण | प्राप्त हुने अनुमानित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | घर करको दर | १० हजार | |
| २ | चालु आ.व.को प्राप्त हुन बाँकी मालपोत कर | १२ लाख | |
| ३ | घर जग्गा बहाल कर | ५० हजार | |
| ४ | व्यवसाय दर्ता | २ लाख | |

| | | | |
|---|---|---|---|
| ५ | कवाडी | १० हजार | |
| ६ | वार्षिक सवारी साधन कर | १० हजार | |
| ७ | विज्ञापन कर | १५ हजार | |
| ८ | बहाल विटौरी | ३ हजार | |
| ९ | पार्किङ्ग शुल्क | ५ हजार | |
| १० | सिफारिस, सेवा शुल्क दस्तुर | ५ लाख | |
| ११ | हैसियत प्रमाणित | १० हजार | |
| १२ | व्यवसाय दर्ता तथा इजाजत दस्तुर | ५ हजार | |
| १३ | सडक उपयोग दस्तर | ४० हजार | |
| १४ | ढुँगा, गिटी, बालुवा | १ लाख ४२ हजार | |
| | जम्मा | २२ लाख | |

आज्ञाले

कृष्ण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

## सम्वत २०७५ सालको ऐन नं. २

## आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :- रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप धारा २ बमोजिम रम्भा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम रम्भा गाउँपालिकाको विनियोजन ऐन, २०७५ रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/०७६ को लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७५/०७६ को लागि गाउँपालिका, वडा समिती, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३३,१६,२८,०००/- मा नबढाई निर्देष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन :

(१) यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को लागि रम्भा गाउँपालिका, गाउँकार्यपालिका, न्यायिक समिती, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको

लागि विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिन्छ ।

तर चालु तथा पूँजीगत खर्च  र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा २ मा जुनसकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची १

**यस गाउँपालिकाको तपसिल बमोजिमको शिर्षकहरुको श्रोत अनुमान गरिएको छ ।**

| | | |
|---|---|---|
| १. सर्शत अनुदान तर्फः- | | |
| केन्द्रबाट :- | रु.१४,२१,००,०००/- | |
| प्रदेशबाटः- | रु. ९६,००,०००/- | |
| | जम्मा | १५,१७,००,००० |
| २. राजस्व बाँडफाँड तर्फ | | |
| केन्द्रबाट :- | ५,३१,५६,०००/- | |
| प्रदेशबाटः- | ३८,९७,०००/- | |
| | जम्मा | ५,७०,५३,००० |
| ३. वित्तिय समानीकरण अनुदान तर्फ | | |
| केन्द्रबाट :- | ७,४६,००,०००/- | |
| प्रदेशबाटः- | ४०,७५,०००/- | |
| | जम्मा | ७,८६,७५,००० |
| ४. सामाजिक सुरक्षा भत्ता | ४,००,००,०००/- | |
| दलित बाल पोषण भत्ता | २०,००,०००/- | |
| | जम्मा | ४,२०,००,००० |
| ५.आन्तरिक आम्दानी | २२,००,०००/- | २२,००,००० |
| | कुल जम्मा | ३३,१६,२८,००० |

आज्ञाले

कृष्ण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत